स.क.प.आ.नं.: ३७४५३ पान नं.: ६०११८०२८८ जि.प्र.का.द.नं.: ५७५/०६८/०६९

# राष्ट्रिय कृषक समूह महासंघ, नेपाल
# National Farmers Group Federation, Nepal

राष्ट्रिय कार्यसमिति
२०६८

पत्र संख्या:- २०८१/२०८२
चलानी नं.:- ४४२

मिति: २०८२ बैसाख २ गते

मानननीय मन्त्री, ज्यू
अर्थ मन्त्रालय
सिंहदरबार काठमाडौं।

मा. उपप्रधानमन्त्री एवं अर्थमन्त्रीज्यूको सचिवालय
दर्ता नं.: २४२
मिति: २०८२/१/२

विषय: आ. व. २०८२/८३ को नीति, कार्यक्रम र बजेटको लागि सुझाव पेश गरिएको बारे।

राष्ट्रिय कृषक समूह महासंघ, नेपाल **"किसानद्वारा, किसानहरूको लागि, किसानहरू कै आवाज बोक्ने किसान अधिकार प्रति समर्पित गैर राजनीतिक साझा छाता सङ्गठन"** हो। महासंघले मुलुकको आर्थिक एव सामाजिक उन्नति र समग्र विकासमा अत्यन्त महत्वपूर्ण एव संवेदनशील स्थान ओगट्दै आएको कृषि क्षेत्रको संरक्षण, सम्वर्द्धन मार्फत राष्ट्र निर्माण गर्ने गहन जिम्मेवारी साथै कृषक वर्ग र किसानको हक अधिकार प्राप्तिका लागि बहस पैरवी गर्न कृषकलाई स्थानीयदेखि राष्ट्रिय स्तरसम्म सङ्गठित गराउदै आएको छ। सेवाप्रदायक निकायहरूमा उनीहरूको पहुच वृद्धि गरी दिगो तथा पर्यावरणमैत्री उत्पादन मार्फत राष्ट्रिय उत्पादकत्वमा टेवा पुर्याउन राज्य र कृषकहरूको सेतुको रूपमा कृषि प्रधान देशको मर्मलाई सार्थक तुल्याउनका लागि राष्ट्रिय कृषक समूह महासंघ, नेपाल विगत १४ वर्ष देखि क्रियाशील रहदै आएको छ। कृषक समूह, पशु सेवा समूह र कृषि सहकारी मार्फत सीमान्त, भूमिहीन, महिला र साना किसानलाई केन्द्रमा राखी किसानहरूलाई सङ्गठन र परिचालन, नीतिगत एवं सवालगत पैरवी, कृषिमा नवीन अभ्यास मार्फत तहगत सरकारहरूलाई सहयोग, समन्वय र सहकार्य एवं अभियानगत गतिविधिमा अगाडि बढेको छ।

देशका तहगत सरकारहरू आ.व. २०८२ ८३ को नीति तथा कार्यक्रम र बजेट बनाउने तयारीमा रहेको सन्दर्भमा कृषि प्रधान देश नेपालले कृषि प्रणाली र खाद्य प्रणाली मार्फत आत्म निर्भरताको पाईला अगाडि सार्नको लागि सार्थक हस्तक्षेप गर्ने र देशलाई चाहिने **खाद्यान्न आफै उत्पादन गर्छौं भन्ने राष्ट्रिय संकल्प गर्ने** सहि समय यहि हो। यसर्थ नीति तथा कार्यक्रम निर्माणमा तपशिलका कार्यक्रम समावेश गरी बजेट विनियोजन गरी गराई सम्मानीत किसान र समृद्ध राष्ट्रको यात्रा तयको लागि किसानहरूको छाता संगठन राष्ट्रिय कृषक समूह महासंघ, नेपाल हार्दिक अनुरोध गर्दछ।

## कृषि विकासका लागि नीति तथा कार्यक्रम एवं बजेटले सम्बोधन गर्नु पर्ने क्षेत्र

१. १६ औं आवधिक योजना मार्फत जैविक विविधताको दिगो संरक्षण र हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने भनिएको छ। कृषि क्षेत्र प्रतिको आकर्षण बढाई उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धि क्षमता विकास साथै खाद्य प्रणालीको रुपान्तरण र आधारभुत खाद्य वस्तुमा आर्त्मनिर्भर एवं स्वच्छ तथा प्रकृतिमैत्री उत्पादन प्रवर्द्धन गर्ने भनिएको छ। **यसर्थ खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न मौलिक तथा रैथाने उत्पादन, प्रकृति सम्मत कृषि पद्धती अवलम्बन, खाद्य प्रणालीको रुपान्तरणकारी अभ्यास एवं स्थानीयकरणमा जोड दिई उत्पादन देखि उपभोग सम्म असल अभ्यासहरुको** अवलम्बन गर्ने नीति लिईयोस।

पो.ब.नं.: ७०६४, फोन नं.: ०१-४१०५०१८, ४१०५०७५, E-mail: nfgfnepal@gmail.com Website: www.nfgf.org.np

CamScanner

२. उत्पादनमा आधारीत खाद्य सुरक्षाका लागि उत्पादनमुखी कृषि नीति, कृषि सामाग्रीहरु साथै कृषि उत्पादनमा सरीक किसानहरुलाई प्रोत्साहन, कृषक समुह परिचालन गरि समुह पद्धती मार्फत उत्पादनमा बृद्धिको योजना बनाईनुपर्दछ। उत्पादनदेखि उपोभोग सम्मको मुल्यश्रृखलालाई बलियो बनाउँदै बजार र बजारीकरणमा ध्यान दिईनुपर्दछ । यसले कृषिमा लगानीको लागि भूमिका खेल्दछ साथै सरकारले २०८१ देखि २०९० सम्मको लागि घोषणा गरेको कृषि लगानी दशकले सार्थकता पाउँदछ । यसका लागि नीति तथा कार्यक्रम मार्फत नै बिउ, खेति गर्ने जमिन, कृषि सामाग्री, प्राविधिक सेवा,उत्पादनको व्यवस्थापन र बजारिकरणको तादम्यता सहित प्रदेश सरकार र स्थानीय तहलाई **स्पष्ट खाका उपलब्ध गराई कृषि विकासको लगानी दशकको खाका तयार गरी दिगो कृषिको नीति लिई सोहि अनुसारको बजेट तुर्जमा** गरियोस ।

३. दिगो र पर्यावरणीय खेतीपातीको लागि स्पष्ट सरकारी नीति र कार्यान्वयनको ढाँचा साथै योजना आवश्यक देखियो । स्थानीय तहमा उपलब्ध श्रोत साधनको परिचालन उपयोग साथै उत्पादक किसानको संप्रभुता सहितको उत्पादन प्रणाली सुदृढिकरण गरी कृषि सामाग्री, खाद्य बस्तुको परनिर्भरता घटाउन आवश्यक छ । यसर्थ खासगरी **जलवायु प्रतिकुल अवस्थामा पनि सजिलै उत्पादन हुने सामुदायिक बिउ प्रणाली, दिगो कृषि प्रणाली, बाली तथा बस्तुभाउ प्रजातीहरुको संरक्षण, प्रवर्द्धन र स्तरोउन्नती** गर्ने नीति लिईयोस ।

४. संविधानतः कृषि प्रसारको भूमिका स्थानीय तहमा भएता पनि बीमा कार्यक्रम प्रदेश र संघमा हुंदा व्यवहारीक हुन सकेन । पशु र बाली बिमा नीति किसान मैत्री रहँदारहँदै पनि विभिन्न समस्या देखाउँदै बिमा कार्यक्रम कार्यन्वयन फितलो भएको छ । यसर्थ बीमा कार्यक्रमलाई स्थानीय तहमा केन्द्रित बनाई स्थानीय तहलाई कृषि तथा पशुपंक्षि बीमा कार्यान्वयनका लागि सवलीकरण (प्राविधिक जनशक्ति, बीमाको लागि सम्पर्कव्यक्ति, प्रवर्द्धनात्मक कृयाकलाप) गरिनु पर्दछ । **कृषि बिमा कार्यक्रममा ८० प्रतिशत संघीय अनुदानलाई निरन्तरता दिदै** ग्रामिण समुदायका साना र सीमान्त किसानहरुको यसमा पहुँच पुग्न नसकेको यथार्थतालाई मनन् गरी ग्रामीण समुदायका भुमिहीन, साना र सीमान्तकृत वर्गले महशुस गर्ने गरी **बिमा कम्पनिहरु अनिबार्य रुपमा ग्रामिण समुदायमा पुग्ने प्रणाली निर्माण गरी स्थानीय सरकार समेतको आर्थिक लगानी सहितको अगुवाईमा बाली र पशु बिमा कार्यक्रम** संचालनको लागि बजेट व्यवस्था गरियोस् । बाली बिमा लागतमा होईन उत्पादनमा गरिने नीति लिईयोस ।

**५. खाद्य अधिकार, खाद्य संप्रभुता ऐन २०७५, नियामावली २०८० को व्यवस्था र भावना अनुसार** स्थानीय तहमा गरिबीको रेखामुनी रहेका भूमिहीन, कृषि मजदुर, मजदुर, साना किसान, खाद्य संकटको जोखिममा रहेका परिवारको विवरण राख्न र यसलाई समय समयमा अद्यावधिक गर्न आवश्यक रहेकोले वास्तविक किसानको पहिचान, अनुदान प्रणालीको व्यवस्थापन, बाँझो जमिनको कृषि प्रयोजनामा उपयोग गर्न साथै राज्यद्धारा उपलब्ध हुने राहत प्याकेज, सेवा सुविधा (बिमा, सुलभ ऋण, मल, औजार आदी) सहुलियतलाई **वास्तविक किसानसंग जोड्नको लागि स्थानीय तहको अगुवाई र राष्ट्रिय कृषक समूह महासंघ, नेपाल समेतको सहजिकरणमा शुरुवात भएको किसानको पहिचान,वर्गिकरण, परिचयपत्र र त्यसको आधारमा सेवा सुविधा वितरण** गर्ने नीति दिईयोस ।

६. कृषक समूहरुलाई निकायको रुपमा कर ऐनमा व्यवस्था गरी वार्षिक रुपमा मान्यता प्राप्त लेखा परिक्षकबाट लेखा परिक्षण गराउनुपर्ने बाध्यकारी व्यवस्थाका कारण कृषक समूहहरु राज्यको सेवा सुविधाबाट बंचित बन्न पुगेकाले यस **व्यवस्था अविलम्ब खारेजि गरी सामाजिक लेखापरिक्षणको आधारमा स्थायी लेखा नम्बर** उपलब्ध गराउने व्यवस्था मिलाई कृषक समूहहरु कृषि एवं पशुजन्य उत्पादन गर्ने कृषि **उत्पादक समूह भएकाले यिनीहरुलाई कर मिनाहा गर्ने नीति** लिईयोस ।

CamScanner

७ प्राङ्गारिक खेती मार्फत दिगो तथा आत्मनिर्भरमुखी कृषि मार्फत स्वच्छ र पर्यावरणीय उत्पादन र स्वस्थ मानव जिवनको लागि पोषणयुक्त रैथाने, बिउ, बालीको संरक्षण, सम्वर्द्धन र स्थानीय खाद्य प्रणालीको सवलीकरणको लागि विशेष नीति लिईयोस । कम्पोष्ट मल कारखाना खोल्न प्रोत्साहन दिनको लागि विशेष अनुदानको व्यवस्था मिलाईयोस

८ कृषिलाई औपचारिक क्षेत्रको रुपमा विकास गरि यसलाई नागरिकको खाद्य सुरक्षा एवं सामाजिक सुरक्षासंग जोड्ने नीति लिईयोस पर्दछ । घरधुरी स्तरको खाद्यान्न उपभोग प्रणाली, सीमान्त, गरिब लगायत सम्पूर्ण समुदायको खाद्य सुरक्षा र स्वच्छताको सुनिश्चितता गर्ने नीति लिईयोस ।

९. कृषि नीतिको समयानुकुल परिमार्जन एवं कृषि विकासको लागि एकिकृत ऐन नहुँदा कृषिले लय समाउन सकिरहेको छैन । ऐन तर्जुमामा भईरहेका ढिलासुस्तीका कारण स्थानीय तह एवं प्रदेशले कृषि विकासको सफल अभ्यास गर्न ढिलाइ भएको छ । यसर्थ स्थानीय कृषि ऐन, कार्यविधि आवधिक योजना निर्माण कार्यमा महासंघले गरेको सहजिकरण र हासिल गरेको सिकाईको आधारमा संघीय कृषि नीति, ऐन, प्रदेश कृषि ऐन एवं स्थानीय तहमा कृषि ऐन निर्माण र दिगो कृषि विकासको समन्वयत्मक योजना बनाउने नीति लिईयो ।

१०. विदेशबाट फर्कने/नेपालमा रहेका युवा शक्ति र सीपलाई सम्बोधन गरी स्थानीय सरकार मार्फत कृषि क्षेत्रमा रोजगार श्रृजना गर्ने कार्यक्रम तयार गरौं । ग्रामिण सहकारी र मझ्यौला कृषि उद्यमको माध्यमबाट उनीहरुको अनुभवको परिचालन गर्न सकिन्छ । यसबाट स्वाभिमानी कृषि अर्थतन्त्र निर्माणको आधार बन्न सक्छ । यसर्थ युवा लक्षित हरित कृषि रोजगार कार्यक्रमलाई विशेष प्राथमिकता दिईयोस ।

११. स्थानीय तहको क्षमता, सम्भाव्यता र आवश्यकताको आधारमा कृषि विकासको लागि प्रदेश र संघीय सरकारको आवश्यक नीतिगत सहजिकरण साथै स्थानीय तहको योजना र कार्यक्रम बिचको तादम्य्यता सहित रैथाने विउ,सीप र क्षमताको उपयोग मार्फत जैविक र स्वस्छ उत्पादनको प्रवर्द्धन साथै रसायन र विसादीमा आधारित उत्पादनको विस्थापन योजना अगाडि ल्याईयोस ।

१२.कुल ग्राहस्थ उत्पादनको २४ प्रतिशत योगदान रहेको कृषि क्षेत्रको विकास एवं आत्म निर्भर कृषिका लागि कम्तिमा २० प्रतिशत बजेट विनियोजन गरी कृषि बजेटलाई शसक्त बनाईयोस ।

१३.भुमिहीन, सिमान्त, महिला र साना किसानलाई सहजीकरण गर्ने र उत्साहित गर्ने गरी उन्नत विउ विजन, सिंचाई प्रविधि, कृषि विमा, सहुलियत कृषि ऋण, समयमा नै मलखाद एवं किसान बजार जस्ता विषयमा विशेष सहुलियतको व्यवस्था गरियोस । वास्तविक साना किसानहरुलाई अनुदान र कृषि सेवाको दायरामा ल्याउन विद्यमान समस्या ग्रस्त अनुदानको वितरण प्रणालीलाई किसानको पहिचान गरी वर्गिकरण सहितको किसान परिचयपत्र मार्फत लक्षित किसानहरुसम्म सेवा विस्तारको व्यवस्था मिलाईयोस ।

१४.स्थानीय सरकार र राष्टिय कृषक समूह महासंघ नेपालको साझेदारिमा समुह स्तर एवं पालिका स्तरमा कृषक समूहको क्षमता विकास, बाँझो जमिनको उपयोग एवं दिगो कृषिका नमुना अभ्यास संचालनको लागि नीति कार्यक्रम मार्फत सम्बोधन एवं बजेट विनियोजन गरियोस ।

१५. भुउपयोग नीतिको व्यवहारीका कार्यन्वयन गरियोस । पालिका भित्रको वडागत भूमिहीन, वेरोजगार आदिको विवरण तयार पारी उनिहरुलाई त्यस स्थानमा उपलब्ध खेर गईरहेको कृषियोग्य जमिन लामो अवधीको लागि उपयोगका

लागि जग्गा भाडामा लिई गरिने खेति अभ्यास (करार) लाई स्थानिय तहहरु मार्फत उपलब्ध गराउने र मापदण्डमा आधारित योजनाबद्ध कृषि अभ्यास (उद्यम)को अवलम्बन गरियोस ।

१६. स्थानीय तह, कृषक समूह, कृषि सहकारीको समन्वयमा, सामुहिक र चक्लाबन्दि (जमिनको अवस्थाहेरी साना, मझौला, ठुला) गरी आवश्यक पुर्वाधार सहित विशेष (उत्पादन संवेदनशील) क्षेत्र घोषणा गरि उत्पादनलाई जोड दिईयोस ।

१७. हरेक बालीबाट किसानले न्यूनतम बचत गर्ने गरि निश्चित मापदण्ड बनाई बाली लगाउनु पूर्व नै समर्थन मुल्य तोकियोस । तहगत सरकारको कसिलो समन्वयमा समर्थन मुल्य नघट्ने गरी किसानको उत्पादन खरिद गरिदिने नीति लिईयोस ।

१८. स्थानीय सरकार र कृषि सहकारी, कृषक समूहको साझेदारीमा मुल्यश्रृखला र दिगो बजार प्रणालीको विकास गरियोस । नेपाली किसानले उत्पादन गरेका कृषि उपजलाई निर्यात सुचिमा समावेश गरी/गराई निकासी, पैठारीमा नेपाली किसानहरुले भोग्दै आएका झमेला सदाको लागि अन्त्य गरि कृषि उपज सहज रुपमा अर्न्तराष्ट्रिय बजारमा प्रवेश सुनिश्चितता गरियोस ।

१९. आवधिक रुपमा तुरुन्त बिग्रेर जाने कृषि उपजहरु बिक्री नहुने अवस्थामा वा बिक्री भईरहने समयमा पनि सुचारु हुनेगरी लामो समयसम्म स्टोर गर्न सकिने वा सो उपजलाई प्रशोधन गर्ने हरेक स्थानीय तहमा उपयुक्त संरचनाको विकासलाई प्राथमिकता दिईयोस । पशुपंक्षी र मासु जन्य उत्पादनको बजार छुट्टै हुनेगरी व्यवस्थापन गर्ने कार्यक्रम बनाईयोस ।

२०. कृषि कर्ममा योगदान गर्ने किसानलाई स्वास्थ्य विमा एवं योगदानमा आधारित किसान पेन्सनको व्यवस्था गरियोस

२१. नेपालको संवैधानिक व्यवस्थाले हरेक नागरीकलाई पर्याप्त, पोषणयुक्त तथा गुणस्तरीय खाद्यमा नियमित पहुँचको अधिकार प्रत्याभूत गरेको छ । यसका लागि स्थानीय खाद्य प्रणालीलाई बलियो बनाउन आवश्यक भएकाले स्थानीय तहमा बिउ बैंक र खाद्य भकारीको व्यवस्था गरियोस ।

२२. कृषि कर्मको थलो स्थानीय तहको कृषि प्राविधिक क्षमताको वास्तविक अवस्थालाई मनन गर्दै नतिजा उन्मुख कृषि विकासको लागि प्रत्येक वडामा कृषि र पशु प्राविधिक, पालिका तहमा कृषि तथा पशु विज्ञहरुको व्यवस्थापन गरियोस । स्थानीय कृषि प्रसारलाई किसान मैत्री बनाउन स्थानीय कृषक स्वंयसेवक परिचालनको नीति लिईयोस ।

२३. जग्गा बाँझो नराख्नको लागि स्थानीय सरकार मार्फत किसानलाई हौसला (किसान सामाजिक सुरक्षा प्याकेज) प्रदान गरी योजनाबद्ध उत्पादन (स्थानीय तहको योजना, कृषि प्रविधिकको सहयोग, बिक्रीको सुनिश्चिता) प्रणालीमा सहयोग एवं सहजिकरणको व्यवस्था मिलाईयोस ।

२४. कृषि कार्यक्रमहरुको प्रभावकारीता अनुगमनको लागि स्थानीय तह देखि संघिय तह सम्म अनुगमन समिति (तहगत सरकार, कृषक समूह, सहकारी, राष्ट्रिय कृषक समूह महासंघ)बनाई सार्थक उत्पादनको अवस्थाको लागि संयन्त्र निर्माण तथा परिचालनको व्यवस्था मिलाईयोस ।

CamScanner

२५. प्रत्येक पालिका तहमा कृषि उपज संकलन केन्द्र, कृषि बजार, चिस्यान केन्द्र, भण्डारण केन्द्र, पशु अस्पताल, एकिकृत फलफुल नर्सरी स्थापना, कृषि प्राविधिक विद्यालयको नीति सहित उत्पादनमुखी नीति एवं कार्यक्रम व्यवस्था गरियोस ।

२६. कृषक समुहहरु र पशुसेवा समुहहरुको दर्ता, नविकरण र संस्थागत विकासलाई व्यवस्थितीकरण गर्दै कृषक पाठशालाको संस्थागत विकास गरि सिकाईको थलोको रुपमा समूह पद्धती मार्फत कृषि प्रसारलाई सुदृढिकरण गर्ने नीति दिईयोस ।

२७. कृषि, सिंचाई, भूमि, वन र उद्योगसंग सम्बन्धित मन्त्रालय बिचको समन्वय र साझेदारितामा कार्यक्रमको विकास र कार्यन्वयनको सुनिश्चितता गरियोस ।

२८. वन्य जन्तु तथा प्राकृतिक प्रकोपको पूर्वानुमान साथै भएको किसानको बाली नोक्सानीको क्षतिपुर्ति किसानको लागत मूल्यका आधारमा गरिने व्यवस्था मिलाई । किसानको कृषि उत्पादनको साधन जमिन नोक्सान भएमा लाभग्राही सुचीमा समावेश गरी पुनस्थापना तथा पुनःनिर्माण एवं कृषि योग्य बनाउन लागि सहयोग गर्ने नीति लिईयोस ।

२९. दिगो कृषि प्रवर्द्धनको लागि प्राथमिक तहदेखि नै नियामित पठन पाठनको लागि पाठ्याक्रमको व्यवस्था गरीयोस । साथै विद्यालय तह देखि नै कृषि शिक्षालाई व्यवहारीक र प्रयोगात्मक बनाइ पढ्दै कमाउदैको नीति लिईयोस ।

३०. कोदो बाली साना, सिमान्त कृषकहरुको जीविकाको आधार भएकाले सरकारी लगानी र प्राथमिकता सहित प्रतिस्पर्धात्मक क्षमता बढाउन जरुरी छ । जलवायुमैत्री खेती, वातावरण संन्तुलन, पोषणयुक्त, आईरनयुक्त खाद्य गुण रहेको बहुगुणी कोदो जन्य उत्पादनमा प्रोत्साहान, यसको प्रसार एवं उद्यमशिलता, उत्पादनको मुल्य श्रृखला र बजारीकरणमा जोड दिईनु पर्दछ । यसर्थ स्थानीय, प्रदेश र संघिय सरकारको नीति तथा कार्यक्रम मार्फत सम्बोधन गराई श्रावण १५ लाई कोदो दिवसको घोषणा गरि कोदो जन्य वालीको प्रवर्धनको लागि कार्यक्रमको व्यवस्था मिलाईयोस ।

३१. कृषि, वन, जलश्रोत लगाएतको एकिकृत संयोजन, उपयोग र व्यवस्थापनको लागि सामुदायिक अभ्यासलाई प्रवर्द्धन गर्दै स्थानीय श्रोत र साधनमा आधारीत उद्यम (कृषि, खाद्य, हस्तकला, जडिबुटि, औषधि, पर्यटन) प्रवर्द्धनको नीति लिईयोस ।

३२. प्रधानमन्त्री स्वोरोजगार कार्यक्रमलाई बालीचक्रका आधारमा कृषि उत्पादनमा जोडिदा स्थानीय खाद्य प्रणालीको सुदृढिकरणमा बल पुग्छ । हरित रोजगार बढ्छ । यसर्थ संघीय सरकारले स्पष्ट खाका र नीति बनाई स्थानीय सरकार मार्फत यसलाई प्रवर्द्धन गरियोस ।

पंचकाजी श्रेष्ठ
अध्यक्ष
राष्ट्रिय कृषक समूह महासंघ नेपाल

CamScanner